
# यसले कसरी काम गर्छ: LEO™ कक्षाकोठा

## आवश्यकता अनुसार विशेषज्ञ शिक्षकसँग जोडिनुहोस्, 1-सँग-1मद्दत

LEO LEARNER ENGAGEMENTS ONLINE

Tutor.com का विशेषज्ञ शिक्षकहरूले तपाईंलाई कठिन गृहकार्य समस्यामा, तपाईंको लेखन कौशल सुधार गर्न, टेस्टको लागि अध्ययन गर्न, कठिन अवधारणा समीक्षा गर्न र अन्य थुप्रैमा मद्दत गर्न सक्छन्!

## लाइभ शिक्षण स्टेप-बाइ-स्टेप





### चरण 1: सुरुवात गर्नुहोस्

1. आफ्नो Clever खातामा लग इन गर्नुहोस्
2. "Instructional Resources (निर्देशनात्मक स्रोतहरू)" मा क्लिक गर्नुहोस्
3. Tutor.com आइकनमा क्लिक गर्नुहोस्

### चरण 2: सही शिक्षक रोज्नुहोस् र आफ्नो सत्र सुरु गर्नुहोस्

छोटो प्रि-सेसन प्रश्नावली भर्नुहोस्। यस जानकारी प्रयोग गरेर, हामी तपाईंलाई सहायता गर्नको लागि सबभन्दा योग्य पहिलो उपलब्ध शिक्षकसँग जोड्ने छौं।


छिटै एक गजबको शिक्षकसँग जोडिन **पेश गर्नुहोस् SUBMIT** बटनमा क्लिक गर्नुहोस्।




### चरण 3: संचार गर्नुहोस्


तपाईंले अनलाइन कक्षाकोठामा तपाईंको शिक्षकसँग कुराकानी गर्न टेक्स्ट वा भ्वाइस च्याट प्रयोग गर्न सक्नुहुन्छ। तपाईं र तपाईंको शिक्षकले पनि काम र विचार सेयर गर्न अन्तरक्रियात्मक वाइटबोर्ड पनि प्रयोग गर्न सक्नुहुन्छ।

समीक्षा र गुणस्तर नियन्त्रणको लागि कक्षाकोठामा सबै क्रियाकलाप रेकर्ड गरिन्छ। Completed Sessions ट्याब अन्तर्गत **My Account** मा ट्रान्सक्रिप्टहरू पछि उपलब्ध हुनेछन्।




### चरण 4: एउटा फाइल सेयर गर्नुहोस्

तपाईंले अनलाइन कक्षाकोठामा तपाईंको असाईनमेन्ट सम्बन्धी फाइलहरू अपलोड गर्न सक्नुहुन्छ जसमा कागजात, स्प्रेडसिट, प्रजेन्टेसन स्लाइड, स्क्रिनसट, इमेज फाइल र अन्य पर्दछन्। तपाईं र तपाईंको शिक्षक तपाईंको सेसनको क्रममा संगै हेर्न सक्षम हुनुहुनेछ।




### चरण 5: आफ्नो सत्रको मूल्यांकन तथा समीक्षा गर्नुहोस्

प्रत्येक सत्र पछि, हामीले कस्तो गर्यौं भनेर हामीलाई जानकारी गराउने निश्चित हुनुहोस्! सर्वेक्षण पूरा गर्नुहोस् र आफ्ना टिप्पणीहरू साझा गर्नुहोस्। त्यसपछि, तपाईंसँग आफ्नो सत्रको इमेलको रेकर्डिङ प्ले गर्ने वा च्याट लग र व्हाइटबोर्ड ड्रइङ प्रिन्ट गर्ने विकल्प हुनेछ।

LEO a support platform by tutor.com


Pittsburgh Public Schools

Students first
*Always, in all ways.*

The Princeton Review® is not affiliated with Princeton University.


## विशेष टुलहरू प्रयोग गर्नुहोस्

कक्षाकोठामा ग्राफिङ क्यालकुलेटर, कोड एडिटर, र टेक्स्ट एडिटर समावेश छ जुन विशेष टुलहरू आवश्यक पर्ने विषय सामग्रीमा काम गर्दा प्रयोग गर्न सकिन्छ। तपाईंले तिनीहरूलाई व्हाइटबोर्ड माथिको बटनहरू प्रयोग गरेर खोल्न सक्नुहुन्छ।





## आफ्नो पेपर पेश गर्नुहोस्

ड्रप-अफ लेखन समीक्षा सेवाले तपाईंलाई वास्तविक-समय सत्रको लागि नजोडिइ शिक्षकबाट विशेषज्ञ सहयोग प्राप्त गर्न अनुमति दिन्छ। तपाईंको असाइनमेन्टको मस्यौदा - जुनसुकै चरणमा भएपनि अपलोड गर्नुहोस् - र एक दिनभित्र विस्तृत प्रतिक्रिया प्राप्त गर्नुहोस्। खाताको इतिहास **(Account History)** अन्तर्गत मेरो खाता **(My Account)** मा तपाईंको शिक्षकको पूर्ण समीक्षा पुनः प्राप्त गर्नुहोस्।





## परीक्षाको लागि अभ्यास गर्नुहोस्

आफ्नो ज्ञानको मूल्याङ्कन गर्न र गणित, विज्ञान र अंग्रेजीमा आगामी परीक्षाहरूको लागि तयारी गर्न हाम्रो अभ्यास क्विजहरू प्रयोग गर्नुहोस्। एउटा क्विज लिनुहोस्, आफ्नो नतिजाहरूको समीक्षा गर्नुहोस्, र तपाईंले छुटाउनु भएका कुनै पनि प्रश्नहरू हल गर्नका लागि शिक्षकसँग जोडिनुहोस्।




## मेरो खाता *(My Account)* प्रयोग गर्नुहोस्

- तपाईंले सेभ गर्नुभएका फाइलहरू वा तपाईंले **लकर** अन्तर्गत आफ्ना शिक्षकहरूसँग सत्रहरूमा साझेदारी गर्नुभएका फाइलहरूमा पहुँच पाउनुहोस्।
- आफ्नो मनपर्ने शिक्षकहरूसँग पुनः जोडिनुहोस् वा **मनपर्ने शिक्षकहरू** मा क्लिक गरेर उहाँहरू अर्को पटक कहिले उपलब्ध हुनुहुन्छ भन्ने हेर्नुहोस्।
- अघिल्लो सत्रहरूको समीक्षा गर्नुहोस् र **पूरा भएका सत्रहरू** अन्तर्गत तपाईंको ड्रप-अफ समीक्षाहरू बारे प्रतिक्रिया पुनः प्राप्त गर्नुहोस्।




LEO a support platform by tutor.com

Pittsburgh Public Schools
Students first
Always, in all ways.

The Princeton Review प्रिन्सटन विश्वविद्यालयसँग सम्बद्ध छैन।